# संघीय संसद

# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ३० भदौ २०७९

# बिहीवार

# बैठक सङ्ख्या—५६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १५:०५ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई एक एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय उदय बहादुर बोहरा ।

**माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)ः-** सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूको अनुमतिले भौतिक तथा पूर्वाधार निर्माण मन्त्रीज्यूको कार्यकक्षमा सांसदहरू जनताको समस्या लिएर गएका हुन्छन् । घण्टौंसम्म

उहाँहरूले बाहिर कुराउनुहुन्छ । भेट दिनुहुन्न । भित्र विभिन्न किसिमका मान्छेहरूको आवतजावत हुन्छ । यसरी सांसहरूलाई समस्या, जनताको समस्या लिएर गएका सांसदहरूलाई यो खालको व्यवहार गर्नु राम्रो हुन्न । म सम्माननीय अध्यक्षज्यूमार्फत सबै मन्त्रीज्यूहरूलाई, माननीय मन्त्रीज्यूहरूको ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय गोमा देवी तिमल्सिना ।

**<u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले म थोरै कुराहरू राख्न चाहन्छु । अहिले देशमा एउटा रोगकै रूपमा डेङ्गु फैलिएको छ । यो डेङ्गुलाई निराकरण गर्नको लागि खालि पानी फ्याँक्ने, पानी जम्न नदिने भनेर मात्रै पुग्दैन । त्यसलाई कीटनाशक दबाइहरू छरेर त्यो समस्यालाई, त्यो रोग निराकरण गर्नको लागि प्रयोग होस् भन्ने म ध्यान आकर्षण गर्न चाहन्छु ।

यसै गरी मैले अर्को कुरा मिटर ब्याजीहरू पानीमा ज्वरो आउँदै लड्दै पड्दै सँगै बसिराखेका थिए । उनीहरूको समस्यालाई हल गर्नको लागि के के पहल भयो त्यो पनि यो सदनसमक्ष पहल भयो कि भएन भनेर यो सदनसमक्ष जानकारी हुनुपर्छ भन्ने म अनुरोध गर्न चाहन्छु । त्यसै गरी नेपालमा भारतीय जोगीहरू मगन्तेको भेषमा नेपालमा भित्रिएर .....(समय सकिएको ।)

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय जयन्ती देवी राई ।

**<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूहरूले उठाइसक्नुभएको छ यो जुन देशभरि अहिले झन्डै बाह्र हजार चैं सङ्क्रमण जुन डेङ्गु रोगबाट सङ्क्रमण भइसकेको छन् जनताहरू । र अहिले जतातते देशभरि विशेष रूपमा काठमाडौंबाटै जानबाट चैं पहाडी क्षेत्रहरूमा पनि यो रोग बढिरहेको स्थिति छ । र त्यसको लागि अहिले मृत्यु हुने सङ्ख्या पनि करिब दर्जनौं पुगिसकेको हुनाले यसमा सरकारको त्यति धेरै ध्यान गइरहेको

छैन । त्यसकारणले यसलाई अहिले अभियानकै रूपमा यसको विशेष रोकथामको व्यवस्था गरियोस् भन्ने म सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भुवान बहादुर सुनार ।

**माननीय श्री भुवान बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, अहिले हालसालै यो भीआईपी कक्षबाट ठगी केसमा संलग्न मान्छेलाई राष्ट्रिय मुस्लिम आयोगका अध्यक्षले भगाएको भन्ने एकदम चर्चामा आ'को छ । तर उहाँलाई निलम्बित गरी छानबिन गरेको चैं सुन्न पाइएको छैन । त्यसले गर्दा यो सम्बन्धित निकायले यो बारेमा ध्यान दियोस् भन्ने म चाहन्छु ।

त्यस्तै गरेर सम्माननीय अध्यक्षको अनुमतिले अहिले भरखर हामी स्थानीय यो प्रतिनिधि सभामा र प्रदेश सभाको निर्वाचनको बन्द सूची पेस गर्ने सङ्गारमा छौं । र यही क्रममा ठुला पार्टीहरूले हिजो बन्द सूचीमा अथवा हिजो समानुपातिकमा रहेकालाई अहिले बन्द सूचीमा नराख्ने भन्ने समाचारले एकदम खुसी .....(समय सकिएको ।)

**सम्माननीय अध्यक्ष**:- माननीय मदन कुमारी शाह (गरिमा)

**माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, भाद्र २४ गते राति आएको भीषण वर्षाका कारण दार्चुला जिल्लाको महाकाली नदीमा आएको बाढीले पाँच जनाको निधन भएको छ भने दश जना पनि अझै बेपत्ता रहेका छन् । मृतकहरूमा भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । मृतकका परिवारजनमा हार्दिक संवेदना व्यक्त गर्दछु । र यो बाढीमा पर्नुभएकाहरूको उचित उद्धार, राहत र क्षतिपूर्तिका लागि सरकारसँग जोडदार माग गर्दछौं । विपद् व्यवस्थापनमा सरकारको विशेष ध्यान जाओस् भन्ने ध्यान आकर्षण पनि गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे ।

**माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- .....(आवाज नसुनिएको) । विशेष गरेर म दुइटा कुरा । एउटा कुरा अहिले बाबाजीको भेषमा भारततिरबाट, सिमानाबाट, बुटवल एरियामा धेरै बाबाहरू आएर बच्चाहरू अपहरण गरेको, हराएको अवस्था छ । यसलाई हामीले हाम्रो बुटवलको सिमाना भारतनजिक पनि छ । यो खालको समस्या देशैभरि होला । हामीले कसरी सोच्ने? यो एउटा विषयमा ध्यान आकर्षण गराउन चाहन्छु ।

अर्को विषय हामीले बिमाको सन्दर्भमा हामीले निजी मेडिकलहरूमा बिमा बन्द गर्यौं । सरकारी हस्पिटलहरूमा औषधिहरू र स्वास्थ्य कर्मीहरूको अभाव छ । नियमित औषधि खाने बिरामीहरूले औषधि छोड्नुभएको अवस्था छ । यसलाई व्यवस्थापन गर्न हाम्रो सरकारले, स्वास्थ्य मन्त्रालयले ध्यान आकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सुरेश कुमार आलेमगर ।

**माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, यो भदौ महिनाको अन्तिम अन्तिमतिर पनि बाढी पहिरो आई नै रहेको त्यस्तै डेङ्गुको प्रकोप झन् झन् बढ्दै गइरहेको । दुई जिल्लाबाहेक पचहत्तर जिल्लामा यो पुगिसकेको भन्ने मैले एउटा न्युज पढेको थिएँ । त्यसै गरी यो कोरोना पनि अझै समाधान नभइसकेको हुनाले सरकारले विशेष यो यसबाट सिर्जित समस्याका लागि र जनतालाई राहत दिनको लागि, जनताको यो रोगलाई रोकथाम गरेर जनतालाई राहत दिनका लागि, जनताको उपचार गर्नको लागि यसबाट मुक्त गर्नको लागि सरकारले विशेष कदमहरू चालोस् भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्नको क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट मन्त्रीपरिषद् सदस्यको कार्यभार तोकएकोसम्बन्धी पत्र प्राप्त हुन आएको छ । म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

माननीय अर्थ मन्त्री जनार्दन शर्मा गणतन्त्र कोरियाको इङ्चेनमा आयोजना हुने हरित जलवायु कोष ग्रिन क्लाइमेट फन्ड (जीसीएफ) को विश्वव्यापी सम्मेलनमा भाग लिन, सहभागी हुन मिति २०७९ भदौ २६ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीबाट माननीय उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फ भुसालले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(शङ्करदास बैरागी)
मुख्य सचिव
मितिः २०७९/०५/२६

माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिका माननीय सभापति डा. वेदुराम भुसाललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "बिमा विधेयक, २०७५" र "सार्वजिनक ऋण व्यवस्थापन विधेयक, २०७६" सम्बन्धी विधायन व्यवस्थापन समितिका प्रतिवेदनहरू क्रमशः सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

<u>माननीय विधायन व्यवस्थापन समितिका सभापति डा. वेदुराम भुसाल</u>ः- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभामा उत्पति भई उक्त सभाबाट पारित भएर सन्देशसहित राष्ट्रिय सभामा प्राप्त बिमा विधेयक, २०७५ लाई राष्ट्रिय सभाको २०७९ साल भाद्र २९ गतेको बैठकको निर्णयअनुसार विधायन व्यवस्थापन समितिमा पठाइएको थियो । उक्त विधेयकमाथि समितिले संवत् २०७९ साल भाद्र ३० गते बैठक बसी संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरू अर्थ मन्त्रालयका सचिवसहित सम्बन्धित कर्मचारी र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारीलगायतको उपस्थितिमा छलफल गरेको थियो । विधेयकका विभिन्न दफामा दुईओटा समूहमा कुल दश जना संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूबाट त्रिचालिसओटा बुँदामा संशोधन प्रस्ताव प्राप्त भएका थिए । यस समितिमा विधेयकमाथिको छलफलदेखि प्रतिवेदन तयारीसम्मको क्रममा औपचारिक तथा अनऔपचारिक सहयोग पुर्याउनुहुने अर्थ मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका कर्मचारीहरूका साथै समिति सचिवालय परिवारलगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । सम्माननीय अध्यक्ष महोदय, समितिले "बिमा विधेयक, २०७५" मा प्राप्त संशोधन प्रस्तावहरूमाथि दफावार छलफल गरी पारित प्रतिवेदनसहितको विधेयक यस सम्मानित सदनमा पेस गर्दछु । धन्यवाद ।

सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभामा उत्पति भई उक्त सभामा पारित भएर सन्देशसहित राष्ट्रिय सभामा प्राप्त सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ लाई राष्ट्रिय सभाको २०७९ साल भाद्र २९ गतेको बैठकको निर्णयअनुसार विधायन व्यवस्थापन समितिमा पठाइएको थियो । उक्त विधेयकमाथि समितिले संवत् २०७९ साल भाद्र ३० गते बैठक बसी संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरू अर्थ मन्त्रालयका सचिवसहित सम्बन्धित कर्मचारी र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बद्ध कर्मचारीलगायतको उपस्थितिमा छलफल गरेको थियो । विधेयकका विभिन्न दफा दुईओटा समूह कुल नौं जना संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूबाट छओटा बुँदामा संशोधन प्रस्ताव प्राप्त भएका थिए । यस समितिमा विधेयकमाथिको छलफलदेखि प्रतिवेदन तयारीसम्मको क्रममा औपचारिक तथा अनऔपचारिक सहयोग पुर्याउनुहुने अर्थ मन्त्रालय र कानुन तथा संसदीय मामिला मन्त्रालयका कर्मचारीहरूका साथै समिति सचिवालय परिवारलगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । सम्माननीय अध्यक्ष महोदय, समितिले सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६ मा प्राप्त संशोधन प्रस्तावमाथि दफावार छलफल गरी पारित प्रतिवेदनसहितको विधेयक यस सम्मानित सदनमा पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) को तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ माथि बिचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्की</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ माथि बिचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) को तर्फबाट माननीय सञ्चार तथा सूचना

प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ माथि बिचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यहरूलाई तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय डा. वेदुराम भुसाल ।

**माननीय डा. वेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, यो केही नेपाल संशोधन गर्नका निम्ति जुन विधेयक प्रस्तुत गरिएको छ यसमा अहिले प्रचलनमा रहेका थुप्रै ऐनहरूमाथि संशोधनका प्रावधानहरू राखिएको छ । ती सबै प्रावधानहरूलाई, तिनका सबै पक्षलाई गम्भीरतापूर्वक अध्ययन गर्नुपर्ने, छलफल गर्नुपर्ने आवश्यकता देखिन्छ । त्यस भएर यसलाई अलि गम्भीरताका साथ छलफल गरेर अगाडि बढाऊँ भन्ने अनुरोधका साथ म आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल ।

**माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हामी "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९" मा छलफलमा छौं । र माननीयज्यूले भन्नुभएजस्तै यहाँ केही नयाँ व्यवस्थाहरू पनि गरिएको छ र समसामयिक बनाउने पनि प्रयास गरिएको छ । यसमा पानी जहाज दर्ता ऐन, २०२७, मालपोत ऐन, २०३४, पर्यटन ऐन, २०३५, भवन ऐन, २०५५, दामासाहीसम्बन्धी ऐन, २०६३, बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४, विद्युत् नियमन ऐन, २०७४, निर्वाचन ऐन, २०७३ लगायतका ऐनहरूलाई नयाँ व्यवस्था गरिएको छ । र यसलाई समसामयिक बनाउने पनि प्रयास गरेको र धेरै ऐनहरूलाई

यहाँ समेटेको हुनाले विधायन समितिमा पठाएर छलफल गरियोस् भन्ने कुरो अनुरोध गर्न चाहन्छु । हवस्, धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय देवेन्द्र दाहाल ।

<u>**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्ष महोदय, मैले एउटा जिज्ञासा राख्न खोजेको छु यसमा । र यो केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकअन्तर्गत यो प्रतिनिधि सभा र राष्ट्रिय सभाको कार्यकालको कुरा पनि थियो त्यसको सन्दर्भमा चैं यहाँ हामीले केही दस्तावेज पाएका छैनौं । सायद प्रतिनिधि सभाले त्यसलाई फिर्ता लिएको भन्ने सुनेको । त्यो फिर्ता लिएकै होला । यदि फिर्ता नलिएको भए त त्यो त फिर्ता लिनुपर्ने नै कुरा थियो । र यहाँ पनि म त्यो कुरा स्मरण गर्न चाहन्छु ।

र अर्को एउटा कुरा यो यसमा यो दामासाहीसम्बन्धी एउटा ऐन रहेछ । हाम्रो विधेयकहरू छलफल गर्दाखेरि दामासाहीमा परेको भनेर क्लज एउटा राख्ने गरिएको छ । र अहिलेको अवस्था यो कुरा त्यति राख्नुपर्ने जरुरी हुँदैन भनेर हामीले छलफल गर्ने गर्या छौं कानुनहरूको छलफल गर्दाखेरि । त्यसले गर्दाखेरि यो ऐन चैं यहाँ जरुरी नै छैन कि जस्तो लाग्छ मलाई त । किन भन्दाखेरि अहिलेको अवस्था बैङ्किङ कारोबार गर्दाखेरि कालो सूचीमा परेको हुन्छ । कालो सूचीमा परेको व्यक्ति चैं स्वतः कतिपय कुरामा अयोग्य हुन्छ । त्यसले गर्दाखेरि यो प्रावधानलाई विस्तारै विस्तारै हटाउँदै जानुपर्ने आवश्यकता छ भन्ने म राख्न चाहन्छु । हवस्, धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ माथि बिचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा (कोइराला) को तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**मानतीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्की**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय सांसदज्यूहरूले जुन बिचार व्यक्त गर्नुभएको छ त्यसका निमित्त म सरकारको तर्फबाट र व्यक्तिगततर्फबाट पनि हार्दिक धन्यवाद दिन चाहन्छु । केही नेपाल ऐन संशोधन गर्ने विधेयकको आवश्यकता र यसको महत्त्व बारेमा माननीय सदस्यहरू जानकार हुनुहुन्छ । त्यसैले यसलाई सरकारले यो सभाबाट पारित गरेर, कार्यान्वयन गरेर यो क्षेत्रमा देखिएका जुन समस्याहरू छन् तिनीहरूलाई समाधान गरेर अगाडि बढ्ने उद्देश्यका साथ यो विधेयक ल्याएको हुनाले यसलाई पारित गरिदिनुहुनका निमित्त म सरकारको तर्फबाट यहाँहरूलाई आग्रह गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ माथि बिचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ माथि बिचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ माथि बिचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय

सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँछु ।

मानानीय सदस्यहरू, अब म माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्रकुमार सिंह यादवलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री मृगेन्द्रकुमार सिंह यादव</u>ः-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु ।

**<u>सम्माननीय अध्यक्ष</u>ः-** माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब उक्त प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा

माननीय सदस्यहरूलाई जानकारी गराउँछु । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई तीन मिनेटको समय निर्धारण गरेको छु ।

माननीय तुलसा कुमारी दाहाल ।

**माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, पशु स्वास्थ्य तथा पशु सेवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा दफावार छलफलमा हामी छौं । र यसको मूल शीर्षकमा पशु छ पन्छी भन्ने कुरो भित्र जिस्टमा भएको हुनाले पन्छीलाई मूल विधेयकको शीर्षकमा नि समेटिनुपर्छ भन्ने मलाई लागेको छ । प्रत्यायोजन विधायन सम्बन्धमा ऐनमा पनि व्यवस्था गरेर जानुपर्दछ । विधेयकमा मानसिक स्वास्थ्य बिग्रिएको भनिएको छ त्यो नभनेर स्वास्थ्य अवस्थाको कारणले कार्य सम्पादन गर्न असक्षम भएको अथवा गर्न नसक्ने भन्ने शब्द उल्लेख गरिनुपर्छ । तोकिए वा तोकिएबमोजिम भन्ने शब्दको प्रयोग धेरै ठाउँमा भएको देखिन्छ । कुनै दफा र अनुच्छेदै छुटेको छैन । यो विषय ऐनमा नै समेटिएर जानुपर्छ । परिषद्को गठनको क्रममा एक तिहाइ महिलाहरूको सहभागिता देखिदैन । एक तिहाइ महिलाको सहभागितालाई सुनिश्चित गरिनुपर्छ ।

सम्माननीय अध्यक्ष महोदय, विदेशी नागरिकको हकमा कुन प्रदेशमा नाम दर्ता गर्न चाहेको हो प्रदेशको कानुनअनुसार पनि राख्ने व्यवस्था चैं गरेर जानुपर्छ । दफा १२ को (४) मा छ । पशु स्वास्थ्य तथा पशु व्यवसायीहरूको श्रेणी सम्बन्धमा अस्पष्टता रहेको छ । यसलाई प्रष्ट पारेर जानुपर्छ । मिसमास गरेर ल्याइएको छ । र यसमा भएको यही कानुनबमोजिम हुने र यसमा नभएको कुरा .... कानुनबमोजिम हुने भनेर आएको छ त्यसले गर्दा यसैमा स्पष्ट भएर जानुपर्छ । हवस्, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय डा. विमला राई पौडयाल ।

**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, यो विधेयकसम्बन्धी छलफल चैं विधायन समितिमा जति अप्ठ्यारो महसुस गर्यौं हामी सबैले

छलफल गर्दाखेरि त्यति अरू कुनै पनि विधेयकमा भएको थिएन । किनभने यो विधेयकमा प्रष्ट रूपमा सरोकारवालाहरू दुइटा खेमामा अझ तीनटा खेमामा पनि बाँडिएका थिए । र हामीले सकेसम्म सबै सरोकारवालका कुरा सुनेर सबै कुराहरूलाई अब संशोधनमार्फत सबै कुराको सेटलमेन्ट हुन नसके पनि नेगोसिएटेट जस्तो चैं संशोधन गरेका छौं । जसमा सरोकारवालाहरूलाई मार्का नपरोस् भनेर हामी एकदमै तटस्थ पनि भयौं । र एकदमै धेरै संवेदनशील भएर काम गर्यौं । मैले यहाँ उठाउन खोजेको कुरा के हो भने मन्त्रालयले यो विधेयक बनाउँदाखेरि सरोकारवालासँग किन छलफल गर्दैन? अनि पहिला बनिराखेको जुन एउटा कानुन छ त्यो कानुनसँग बाझिने गरीकन कानुन किन लेराउँछ अगाडि? अनि एउटाको अधिकार खोसिने गरीकन अर्का यस्ता कानुन किन आउँछ? यो हाम्रो कानुन निर्माण प्रक्रियलाई चैं अलिकति सरोकारवालाहरूसँग, सम्बन्धित सरोकारवालहरूसँग राम्रोसँग छलफल गरेर मात्रै अगाडि ल्याउने प्रक्रिया गर्न पर्यो । यसरी यो सांसदहरूलाई चैं राति १२ बजे पनि फोन आउने, टेक्स्ट पनि आउने अनि यो प्रेसर पनि दिने खालको कामहरू एकदमै धेरै भा'को छ यो बिलमा । र यसमा हामीले सकेसम्म दुइटा कानुन नबाझिउन् भनेर जति प्रयास गर्दाखेरि पनि सबैको चित्त बुझाउन पनि सकिएको छैन । तर पनि हामीले सकेसम्म यसलाई सबैले पुग्ने गरीकन, सबलाई चित्त बुझ्ने गरीकन बनाएका छौं ।

अब नियमावलीमा केही कुराहरू संशोधन गर्ने भनिएको छ । नियमावलीमा प्रत्यक्ष रूपमा पैंतिस दिन तालिम लिएकाले के गर्नेदेखि कुनै विषयमा चैं चिकित्सक चार वर्ष, पाँच वर्ष पढेर चिकित्सक भएकाहरूले के गर्नेसम्म नियमावलीमा प्रष्ट रूपमा राखिने भूमिका के हो, उनीहरूको अधिकार के हो भन्ने कुरा प्रष्ट रूपमा राखिने भनेर हामीले व्यवस्था गरेका छौं । नियमावलीमा सरकारले यो कुरा नभुलोस् । यति मेरो अनुरोध हो । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय अनिता देवकोटा ।

<u>**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**</u>:- सम्माननीय अध्यक्षज्यू, "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" को विधायन समितिमा यो अत्यन्त विस्तृत रूपमा हामीले छलफल गरेका छौं । अगि माननीयज्यूहरूले भनेझैं सरोकारवालको अत्यन्त विवादित यो साँच्चै कसरी समस्या सुल्झाउने होला भनेर सबैलाई

चिन्ताको विषय बनेको थियो । तर अहिले तीनटा, चारओटा जति ग्रुप हुनुहुन्छ उहाँहरू सबै सरोकारवालाहरूले हाम्रो कुराहरू सम्बोधन भयो भनेर आएको छ । त्यसैले पनि सरोकारवालासँग यो हाम्रो विधेयक हो भनी महसुस गराएर छलफल गरिदा त्यसको प्राप्त नतिजाहरू राम्रो हुँदो रैछ, सुखद हुँदो रैछ भनी यस विधेयकले हामीलाई गरेको छ । म यस सम्मानित सदनका माध्यमबाट म के अनुरोध गर्न चाहन्छु भने हरेक विधेयक कार्यान्वयन हुने बेला सरोकारवालासँग विधेयक ड्राफ्ट गर्ने बेलै सरोकारवालहरूसँग पनि यो छलफल गरेर ल्याइयो भने विवादित बन्ने थिएन भन्ने कुराहरू म अनुरोध गर्न चाहन्छु ।

त्यसै गरी यस विधेयकमा हामीले जुन तोकिएबमोजिम, तोकिएबमोजिम अनि ऐन मापनको कुराहरू पनि नहुने कुराहरू थियो ती सबै कुराहरूलाई अबको विधेयकहरूमा के के कुराहरू उल्लेख गर्नुपर्छ ऐनमै बन्ने कुराहरू उल्लेख गरेर र पाँच वर्षपछि फेरि ऐनहरू मापन गर्ने कुराहरू पनि यस विधेयकमा समेटिएर आएको छ । त्यसैले यो विधेयक अहिले समृद्ध भएको छ भन्ने मलाई लागेको छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि बिचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्रकुमार सिंह यादवलाई छलफलमा उठेका प्रश्नहरूको जवफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री मृगेन्द्रकुमार सिंह यादव**ः- सम्माननीय अध्यक्ष महोदय, यो विधेयक वास्तवमा २०७६ सालमा नै प्रतिनिधि सभामा चैं दर्ता भएको थियो । र त्यतिबेरसम्म दुई पक्ष, तीन पक्ष सबै माननीयजीहरूलाई, विभिन्न नेताजीहरूलाई सम्पर्क गरेर, फोन गरेर हुँदै आएको थियो । त्यसैले यति ढिलो पनि भो' । र प्रतिनिधि सभाको पनि कृषि सहकारी तथा पूर्वाधार समितिमा बृहत् छलफल भयो । धेरै संशोधन पनि आ'को थियो । करिब एकतिसओटा संशोधन त्यहाँ

पनि आ'को थियो । बृहत् छलफल भएर त्यसबाट यहाँ .....सहित राष्ट्रिय सभा चाहिँ आयो । र राष्ट्रिय सभामा, विधायन समितिमा पनि माननीयजीहरूले एकदम बृहत् रूपमा छलफल गरेर सकेसम्म त्यो सबै सरोकारवालाहरूसँग पनि बोलाएर छलफल गरेर एकदम समृद्ध र सकेसम्म विवादरहित बनाउने प्रयास गरिएको छ । र केही कुराहरू माननीयजीहरूले सुझाव दिनुभएछ । त्यसको लागि म धन्यवाद दिन चाहन्छु । त्यो चैं नियमावलीमा अझ प्रष्ट पारेर .... । त्यसैले म माननीयजीहरूलाई यसलाई पास गर्न, पारित गर्न आग्रह गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २४ सम्म उल्लेखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २४ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको

प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २४ सम्म उल्लेखित संशोधनहरू "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २४ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि ४२ सम्मका दफाहरू र अनुसूची प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा २ देखि ४२ सम्मका दफाहरू र अनुसूची सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र पढेर सुनाउँछु ।

**प्रस्तावना**ः प्रचलित कानुनबमोजिम स्थापित नेपाल पशु चिकित्साय परिषद्मा नाम दर्ता भएका दर्ता हुन योग्य पशु चिकित्सकबाहेकका पशु स्वास्थ्य तथा पशु सेवा

व्यवसायीहरूको सेवा र व्यवसायलाई व्यवस्थित, गुणस्तरीय एवम् मर्यादित ढङ्गले परिचालन गरी प्रभावकारी पशु स्वास्थ्य र पशु सेवा व्यवसायको विकास गर्न पशु स्वास्थ्य तथा पशु सेवा परिषद्को स्थापना गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यो ऐनको नाम "पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुने छ ।

माननीय सदस्यहरू, अब म स्वास्थ्य विधेयकको प्रस्तावना र नाम "पशु तथा पशु सेवा व्यवसायी परिषद् विधेयक, २०७६" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६" को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्रकुमार सिंह यादवलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**<u>माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री मृगेन्द्रकुमार सिंह यादव</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् विधेयक, २०७९ पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै २९ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै २९ मिनेटपछि बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १५:४० बजे ।**